# मेगा प्रेस रिलिज

## स्थापनाको ८ बर्षमै मेगा बैंकको मुनाफा अर्ब नाघ्यो

काठमाडौं, २९ साउन । मेगा बैंक नेपाल लिमिटेडको मुनाफा एक अर्ब रुपैंया नाघेको छ ।

स्थापनाको छोटो अबधिमै मेगा बैंकको बार्षिक खुद मुनाफा एक अर्ब नाघेको हो । गत आर्थिक बर्षमा बैंकको खुद मुनाफा ३२ प्रतिशतले बढेर १ अर्ब ४ करोड ६६ लाख पुगेको प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले बताउनुभयो ।

'मेगा बैंक स्थापनाको भर्खरै ८ बर्ष भएको छ । तर, यति छोटो अवधिमै बार्षिक नाफा एक अर्ब नाघ्नुलाई हामीले ऐतिहासिक सफलताको रुपमा लिएका छौं ।', सिइओ खुञ्जेलीले भन्नुभयो, 'अब हामी गर्वका साथ बिलिनियर क्लवमा प्रवेश गरेका छौं । वास्तवमा २०७५ साल बैशाख ३० गते टुरिजम डेभलपमेन्ट बैंकसँग मर्जर भएको हुनाले ९ महिनाको खुद मुनाफाबाट १४ करोड रुपैंया रिजर्भमा लगेर राखेका छौं । योसहित जोड्ने हो भने मेगा बैंकले गत आर्थिक बर्षमा १ अर्ब १९ करोड रुपैंया खुद मुनाफा आर्जन गरेको छ ।

मेगा बैंकको ग्राहक संख्या ९० प्रतिशतले बढेको छ । २ लाख ६० हजार ग्राहक रहेकोमा गत आर्थिक बर्षमा ४ लाख ९६ हजार पुगेको बैंकले जनाएको छ ।

आर्थिक बर्ष २०७३/७४ मा कुल निक्षेप ३८ अर्ब ९४ करोड रुपैंया भएकोमा २०७४/७५मा ६२ करोड रुपैंया पुगेको छ । जुन २४ अर्ब ३ करोड रुपैंयाले बढी हो । यसैगरी, सोही अवधिमा कर्जा २२ अर्ब ७ करोड रुपैंयाले बढेको छ । कुल कर्जा ३५ अर्ब १९ करोड रुपैंयाले वृद्धि भई ५७ अर्ब २६ करोड रुपैंया पुगेको हो ।

स्थापनाको नवौं बर्षमा आइपुग्दा मेगा बैंकको शाखा संख्या १०१ वटा पुगेको छ । गत आर्थिक बर्षमा बैंकको ४७ वटा शाखा मात्र थियो । यसैगरी, देशभर मेगा बैंकका १४ वटा एक्टेनशन काउन्टर, ११९ वटा शाखारहित बैंकिङ सेवा, २ हजार भन्दा बढी मेगा रेमीट सञ्जाल र ७४ वटा एटीएम छन् ।